# सामुदायिक विद्यालय समायोजन प्रोत्साहन कार्यक्रम सम्बन्धी कार्यविधि, २०७८

## १ परिचय

प्रदेश सरकार, बागमती प्रदेश, शिक्षा विकास निर्देशनालयको आ.व.२०७७/०७८ को स्वीकृत सामुदायिक विद्यालय समायोजन प्रोत्साहन कार्यक्रमलाई पारदर्शी, व्यवस्थित र नतिजामूलक बनाउने अभिप्रायले शिक्षा विकास निर्देशनालय बागमती प्रदेशले यो कार्यविधि तयार गरेको हो ।

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
शिक्षा विकास निर्देशनालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

## २ उद्देश्य

यो कार्यविधिको उद्वेश्य निम्न अनुसार रहेको छ :

क) बाग्मती प्रदेश भित्र समायोजन भएका सामुदायिक विद्यालयहरूको पहिचानगर्ने ।

ख) बागमती प्रदेश भित्र समायोजन भएका विद्यालय प्रोत्साहन प्रस्तावको छनोट मापदण्ड निर्धारण गर्ने ।

ग) मापदण्ड अनुसार छनोट भएका विद्यालयलाई अनुदान प्रदान गर्ने ।

## ३ न्यूनतम शर्तहरु

**विद्यालय प्रोत्साहन कार्यक्रममा देहायका शर्तहरु पुरा भएका विद्यालयहरुले मात्र आवेदन गर्न पाउनेछन** :

क) समायोजन गर्ने सामुदायिक माध्यमिक विद्यालयमा अर्को कम्तिमा (१-५) कक्षासम्म सञ्चालित सामुदायिक आधारभूत तहको विद्यालय गाभिएको हुनुपर्नेछ ।

ख) समायोजन पछिको विद्यालयमा न्यूनतम (१-१०) को लागि एक कक्षा एक कोठाको दरले कक्षा कोठा, कार्यालय, पुस्तकालय, प्रयोगशालाको लागि छुट्टै एउटा कोठा र छात्र छात्राको लागि छुट्टाछुट्टै शौचालय हुनुपर्नेछ ।

ग) विद्यालयको न्यूनतम विद्यार्थी सङ्ख्या २०० हुनुपर्नेछ ।

घ) समायोजन पछिको विद्यालयको स्वामित्वमा कम्तीमा १५ रोपनी जग्गा हुनुपर्नेछ । आफ्नै नाममा जग्गा नहुने विद्यालयको हकमा स्थानीय तहवाट विद्यालयको नाममा भोगाधिकार रहेको जग्गाको विवरण खोलीदिएको सिफारीस समेत मान्य हुनेछ ।

## ४ विद्यालय छनोटको आधारहरू पूर्णाङ्क : ५०

**विद्यालय छनोटको आधारहरू देहाय अनुसार हुनेछन** :

क) समायोजन गर्ने विद्यालयको तह समायोजन - १० अङ्क

- १) समायोजन गर्ने विद्यालयमा माध्यमिक विद्यालय समायोजन भएको भए- १० अङ्क
- २) समायोजन गर्ने विद्यालयमा आधारभूत विद्यालय (१-८) समायोजन भएको भए - ७अङ्क
- ३) समायोजन गर्ने विद्यालयमा आधारभूत विद्यालय (१-५) समायोजन भएको भए - ५ अङ्क

ख) समायोजन गर्ने र समायोजित हुने दुबै विद्यालयको विद्यार्थी सङ्ख्या - १०अङ्क

- १) विद्यार्थी सङ्ख्या १००० र सो भन्दा माथि भएको भए - १० अङ्क
- २) विद्यार्थी सङ्ख्या ५०० र सो भन्दा माथि ९९९ सम्म - ७ अङ्क
- ३) विद्यार्थी सङ्ख्या २०० भन्दा माथि ४९९ सम्म - ५ अङ्क

ग) समायोजन गर्ने र समायोजित हुने दुबै विद्यालयको छात्रा भर्ना दर - ५ अङ्क

- १) छात्रा भर्ना दर ५० प्रतिशत भन्दा माथि भएको भए- ५ अङ्क
- २) छात्रा र छात्रको प्रतिशत वरावर भएमा ३ अङ्क

घ) समायोजन गर्ने विद्यालयको स्थान - १० अङ्क

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
शिक्षा विकास निर्देशनालय
बागमती प्रदेश
हेटौडा, मकवानपुर, नेपाल

१) महानगरपालिका र उपमहानगरपालिका - १० अङ्क

२) नगरपालिकाको विद्यालय भए - ७अङ्क

३) गाउँपालिकाको विद्यालय भए - ५अङ्क

ङ) समायोजन गर्ने विद्यालयको भौतिक पूर्वाधारको अवस्था - १० अङ्क

१) समायोजन गर्ने विद्यालयमा एक कक्षा एक कोठाको दरले -शिक्षा नियमावलीले तोकेको प्रतिकक्षा विद्यार्थीलाई) कक्षाकोठा, कार्यालय, पुस्तकालय, एउटा प्रयोगशालाको लागि कोठा, छात्र छात्राको (५० जना विद्यार्थी वरावर एक) छुट्टा छुट्टै शौचालय, तारवार वा कम्पाउण्ड वाल, खेल मैदान, विद्यालय कम्पाउण्ड भित्र क्यानटिन, प्राथमिक उपचार कक्ष, भएमा १० अङ्क

२) समायोजन गर्ने विद्यालयमा एक कक्षा एक कोठाको दरले -शिक्षा नियमावलीले तोकेको प्रति कक्षा विद्यार्थीलाई) कक्षाकोठा, कार्यालय, पुस्तकालय, एउटा प्रयोगशालाको लागि कोठा र छात्र छात्राको (५० जनाविद्यार्थी वरावर एक) छुट्टा छुट्टै शौचालय, जस्ता भौतिक पूर्वाधार भए - ७ अङ्क

३) समायोजन गर्ने विद्यालयमा एक कक्षा एक कोठाको दरले कक्षा कोठा, कार्यालय, पुस्तकालय, एउटा प्रयोगशालाको लागि कोठा र छात्र छात्राको लागि छुट्टा छुट्टै शौचालय सहितको पूर्वाधार भए - ५ अङ्क

च) माध्यमिकशिक्षा (कक्षा-१०) को परीक्षाको (SEE)को सिकाई उपलब्धि - ५ अङ्क

१) माध्यमिक शिक्षा परीक्षा कक्षा-१० (SEE) को ३ वर्षको GPA को औसत ३.२ वा सो भन्दा बढी भए - ५ अङ्क

२) माध्यमिक शिक्षा परीक्षा (कक्षा-१०) को परीक्षाका (SEE) को ३ वर्षको GPA को औसत २.८ वा सो भन्दा बढी भए - ३ अङ्क

३) माध्यमिक शिक्षा परीक्षा (कक्षा-१०) को परीक्षाका (SEE) को ३ वर्षको GPA को औसत २.० वा सो भन्दा बढी भए - २अङ्क

**५ प्रोत्साहन अनुदान खर्च गर्न सकिने क्षेत्रहरू**

**देहायका क्षेत्रहरुमा विद्यालय प्रोत्साहन रकम खर्च गर्न सकिने छ :**

**क) विद्यालय वस**

शर्तहरु

१. चालक, सहचालक, इन्धनको आपूर्ति र मर्मत सम्भार जस्ता कार्य स्थानीय तहको सहयोगको सुनिश्चितता भएको हुनुपर्नेछ ।

२. विद्यालयको सेवा क्षेत्र भित्र बाह्र महिना सवारी साधन चल्न सक्ने वाटोको व्यवस्था भएको हुनु पर्नेछ ।

३. विद्यालयको लागि वस आवश्यकता भएको भनी स्थानियतहको सिफारीस संलग्न हुनुपर्नेछ ।

माथी उल्लेखित शर्तहरुको सुनिश्चितता भएमा शिक्षा विकास निर्देशनालय र विद्यालयसँगको सम्झौता पश्चात विद्यालयले यातायातको साधन (बस) खरिद गर्न सक्नेछ ।

ख) डिजीटल विद्यालय निर्माण

शर्तहरु

१ न्युनतम शर्तअनुसारको प्रयाप्त कक्षा कोठा हुनुपर्नेछ ।

२ विद्युत र इन्टरनेटको सुविधाको सुनिश्चितता भएको हुनुपर्नेछ

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
शिक्षा विकास निर्देशनालय
बागमती प्रदेश
हेटौडा, मकवानपुर, नेपाल

३ जनशक्तीको व्यवस्थापनको सुनिश्चितता भएको हुनुपर्नेछ ।
४ डिजीटल विद्यालय निर्माण सम्वन्धि विद्यालयको कार्ययोजना संलग्न हुनुपर्नेछ ।
उल्लेखित शर्त पुरा भएमा शिक्षा विकास निर्देशनालय र विद्यालयसँग शिक्षण सिकाइको मापदण्डको आधारमा सम्झौ तापश्चात डिजिटल विद्यालय निर्माण गर्न सक्नेछ ।

ग) E-library व्यवस्थापन

शर्तहरु:
१ न्युनतम शर्त अनुसारको प्रयाप्तकक्षा कोठा हुनुपर्नेछ ।
२ विद्युत र इन्टरनेटको सुविधाको सुनिश्चितता भएको हुनुपर्नेछ
३ जनशक्तीको व्यवस्थापनको सुनिश्चितता भएको हुनुपर्नेछ ।
४ E-library व्यवस्थापन सम्वन्धि विद्यालयको कार्ययोजना संलग्न हुनुपर्नेछ ।
उल्लेखित शर्त पुरा भएमा शिक्षा विकास निर्देशनालय र विद्यालयसँग शिक्षण सिकाइको मापदण्डको आधारमा सम्झौता पश्चात E-library निर्माण गर्न सक्नेछ ।

घ) वालमैत्रि कक्षा व्यवस्थापन
१ प्रयाप्त भौतिक पुर्वाधार भएको हुनुपर्नेछ ।
२ वालमैत्रि संचालन र निरन्तरताको लागि विद्यालयको कार्ययोजना संलग्न भएको हुनुपर्नेछ ।
उल्लेखित कार्यक्रम गर्नको लागि शिक्षा विकास निर्देशनालय र विद्यालयसँग शिक्षण सिकाइको मापदण्डको आधारमा सम्झौता पश्चात आधारभूत तहका लागि बालमैत्री कक्षाकोठा व्यवस्थापन गर्न सकिनेछ ।

**६ प्रस्ताव आव्हानको सुचना**

१) सामुदायिक विद्यालय समायोजन प्रोत्साहन अनुदान वितरणका लागि यस निर्देशनालयले समायोजन भएका विद्यालयहरुबाट प्रस्ताव पेश गर्न ७ देखि १५ दिने सार्वजनिक सूचना प्रकाशन गर्नेछ ।

२) विद्यालयले ५ नं. का क्षेत्रहरु मध्ये कुन क्षेत्रमा अनुदान रकम खर्च गर्ने हो सो खुलाई प्रस्ताव पेश गर्नुपर्नेछ ।

३) प्रस्ताव आह्वान सँगै प्रस्तावको मूल्याङ्कनको मापदण्ड, आधार र शर्तहरु शिक्षा विकास निर्देशनालयको वेबसाइटमा समेत प्रकाशित गरिनेछ।

**७ सूचिप्रकाशन**

वुँदा नं.४ को आधारमा छनोट भएका विद्यालयहरूको नामावली निर्देशनालयको वेवसाइटमा प्रकाशित गरिनेछ । वेबसाईटमा प्रकाशित भएको तीन दिनभित्र सम्बन्धित विद्यालयले सम्झौता गरिसक्नु पर्नेछ ।

**८ अनुदान रकम**

छनोट भएका विद्यालयलाई विद्यालयको गुणस्तर अभिवृद्धि गर्न सम्झौता गरी प्रति विद्यालय कार्यक्रमभा तोकिए बमोजिम बढीमा २५ लाख सम्म अनुदान रकम निकासा दिईने छ । विद्यालयले यातायातको साधन खरिद गर्ने भएमा स्पेसिफिकेसन सहितको सम्झौता अनुसार रकम अनुदान दिनेछ ।

९ कार्य प्रारम्भ

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
शिक्षा विकास निर्देशनालय
बागमती प्रदेश
हेटौडा, मकवानपुर, नेपाल

छनोटमा परेका विद्यालयले निर्देशनालयले तोकिएको म्याद भित्र सम्झौता गरी सक्नुपर्ने छ । तोकिएको म्याद भित्र सम्झौता गर्न नआए त्यस्तो विद्यालय कार्यक्रम दिन निर्देशनालय बाध्य हुनेछैन ।

## सामुदायिक विद्यालय समायोजन प्रोत्साहन कार्यक्रम सम्बन्धिप्रस्ताव

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
शिक्षा विकास निर्देशनालय
बागमती प्रदेश
हेटौडा, मकवानपुर, नेपाल

### परिच्छेद - एक
### परिचय खण्ड

**१.१ परिचय**

क)विद्यालयको नाम :
ठेगाना
ख)प्रधानाध्यापकको नाम : मो.नं.: ईमेल :
ग) कार्यक्रमको नाम :
घ) कार्यक्रमको लागत :
ङ) कार्यक्रमको खर्चको स्रोत :
च) कार्यक्रम शुरू हुने मिति :
छ) कार्यक्रम सम्पन्न मिति :

**१.२ विद्यालय परिचय**

क)विद्यालय : विद्यालयको स्थापनाकाल देखि हाल सम्मको अवस्था
ख) शैक्षिक उपलब्धि अवस्थामा (३ वर्षको SEE को औसत GPAउल्लेख गर्नुपर्ने,)
ग) वस्तिको सामाजिक नक्शा (बाटोको अवस्था पहाड जंगल सबै झल्किने ।)

**१.३ समायोजन गर्ने र समायोजित विद्यालयको विस्तृत विवरण**

घ)उद्वेश्य :
ङ) विद्यालयको वर्तमान अवस्था :

- जनशक्ति
- विद्यार्थी सङ्ख्या (छात्र छात्राको सङ्ख्याखुल्ने गरी)
- शिक्षक सङ्ख्या नाम नामेसी
- शैक्षिकउपलब्धि
- भौतिकअवस्था (भवन र कोठा सङ्ख्या खुल्ने गरी, कुन कुन कक्षा कुन प्रयोजनका लागि भएको छ उल्लेख गर्ने,)
- जग्गा (जग्गाधनी प्रमाणपुर्जा, भोगाधिकार पाप्त सम्वन्धित निकायको पत्र )

### परिच्छेद - दुई
### प्रोत्साहन अनुदानवाट संचालन हुने कार्यक्रमको क्षेत्र र सञ्चालन प्रकृया

**१)कार्यक्रम**
**२)कार्य संचालन प्रकृया**
**३)अनुगमन् मूल्यांकन**

### परिच्छेद - तिन
### शिक्षण सिकाईमा योगदान

१)प्रत्यक्ष लाभान्वित विद्यार्थी सङ्ख्या :
२) प्रत्यक्ष लाभान्वित समदाय :
३) शैक्षिकउपलब्धि प्रक्षेपण :